Government of Saskatchewan

Saskatchewan Organization for Heritage Languages Inc.

# शिक्षकको लागि निर्देशिका

## सम्पदायिक भाषामा विध्यार्थीको स्व-मुल्यांकन

### परिचय

सबै विध्यार्थीहरु सिक्नका लागि उत्सुक रहन्छन र आ-आफ्नो लक्ष्य निर्धारण गर्न चाहेका हुन्छन । जुन बिध्यार्थी आफ्नो उदेश्यबाट प्रेरित हुन्छ उसले कडा परिश्रमद्वारा सफलता हासिल गर्दछ।

यी कारणहरुले गर्दा *सस्कत्चेवन अर्गनाईजेसन फर हेरितेज ल्यांगवेज (सोहल)* ले सस्कत्चेवन शिक्षा मन्त्रालयसंग सहकार्य गरि विध्यार्थी स्व-मुल्यांकन पुस्तिका तयार गरेको छ, जुन यस प्रान्तका सम्पदायिक भाषाका विध्यालयहरुमा प्रयोग गरिन्छ ।

स्व-मुल्यांकन फारमहरुको प्रयोगले शिक्षक, विध्यार्थी, र अभिभावकले विध्यार्थीमा भएको क्षमता र सम्पदायिक भाषामा गरेको प्रगति हेर्न सक्दछन। यस्ता मुल्यांकनले विध्यार्थीले के गर्न सक्दैनन् भन्दा पनि "के गर्न सक्छन" भन्ने कुरालाई बयान गर्दछन् ।

### स्व-मुल्यांकन

स्व-मुल्यांकनका धेरै फाइदाहरु छन् । यसले विध्यार्थीलाई निम्न कुराहरुमा सहयोग गर्दछ :

- आफ्नो पढाईको बारेमा सोच्न
- आफ्नो पढाईको जिम्मेवारी आफै लिन
- आफ्नो शैछिक लक्ष्यहरु आफै निर्धारण गर्न
- भाषा सिक्न अजै धेरै उत्सुक बनाउन
- आफूले हासिल गरेको भाषाको सिपलाई चिन्न
- भाषा सिक्दा भएका कमीकमजोरीलाई चिन्न

सम्पदायिक भाषा मुल्यांकन फारममा भाषाको प्रयोगलाइ केन्द्रबिन्दु बनाइएको हुदा यसले स्व-मुल्यांकन गर्नलाई सजिलो गराउँछ। “म सक्छु” भन्ने कथनले दैनिक जीवनमा भाषाको प्रयोग कसरि हुन्छ भनेर देखाउछ।

शिक्षकले केही व्याख्यासहित मार्गदर्शन गरेमा विध्यार्थीहरुले स्व मूल्यांकन प्रक्रियाको उत्तम उपयोग गर्न सक्छन। शिक्षकको भूमिका विध्यार्थीको उमेर अनुसार फरक रहन्छ। कम उमेरका विध्यार्थीहरुलाई धेरै सहयोग चाहिन्छ भने भर्खर युवावस्था भएकाहरुलाई निकै कम सहयोग चाहिन्छ। यो शिक्षक निर्देशिकाले सम्पदायिक

भाषा शिक्षकहरुलाई कसरि फरक उमेरका विध्यार्थीहरुले आफूले सिकेको भाषाको मुल्यांकन आफै गर्न सक्छन भन्ने कुराको जानकारी दिन्छ।

**कमन फ्रेमवर्क अफ रेफरेन्स (सी.एफ.आर)**

विध्यार्थीहरुको स्व-मुल्यांकन *कमन फ्रेमवर्क अफ रेफरेन्स (सी.एफ.आर* ) मा आधरित छ। सी.एफ.आर. को बारेमा थप जानकारी यस पुस्तकको अन्तिम पृष्ठमा हेर्न सकिन्छ। सी.एफ.आर.मा समान मापदण्ड र परीभाषा प्रयोग हुने हुदा भाषा सिक्ने विध्यार्थीहरुको एकै आधारमा मुल्यांकन हुन्छ।

यूरोपेली भाषाको पठन-पाठन र मुल्यांकनमा समानता ल्याउन सी.एफ.आर.को सुरुवात भएको हो। अहिले यो संसारका तीस भन्दा धैरै भाषामा अनुबाद गरिएको छ, जसमा गैर युरोपेली भाषाहरु पनि पर्दछ्न। अहिले सी.एफ.आर को प्रयोग संसारभर भएको छ।

सी.एफ.आर कुनै भाषा बिशेसमा आधारित छैन। "म सक्छु", भन्ने कथनले मानिसको बानिब्योहोरा, क्रियाकलाप र दक्षताको बयान गर्छ, जुन धैरै भाषाहरुमा उस्तै हुन्छन। उदाहरणको लागि सबै भाषामा विध्यार्थीहरुले कुनै पनि काम कसरि गर्न सकिन्छ भनेर भन्न सक्छन, (जस्तै पानी कसरि उमाल्न सकिन्छ), कक्षा कोठामा पढेको वा सुनेको साधारण कथा फेरी भन्न सक्छन, साधारण वाक्यहरु सहयोग लिएर लेख्न सक्छन, र स्वतःस्फूर्तरुपमा प्रश्न गर्न सक्छन। सी.एफ.आर ले विध्यार्थीले `"के गर्न सक्छन`` भन्ने कुराको बयान गर्दछ। यसको प्रयोगबाट विध्यार्थीले के कस्तो दक्षता हासिल गरे र प्रगति गरिरहेका छन् भन्ने कुराको जानकारी विध्यार्थी र परिवारलाई हुन्छ।

**बहुभाषिक**- सम्पदायिक भाषा सिक्नेहरु बहुभाषिक हुन्छन भन्ने कुरालाई सी.एफ.आर ले बुझेको छ। दोस्रो अथवा तेस्रो भाषा सिक्दैमा आफूले प्रयोग गरिराखेको पहिलो भाषाको दक्षता घट्दैन न नया भाषा पुरानो भन्दा अलग नै रहन्छ। बहुभाषिक हुनु भनेको एउटा भाषा ले अर्को भाषालाइ सुशोभित गर्नु हो ।

## सोहल स्व-मुल्यांकन फारममा भाषामा क्षमता र भाषाको स्तर

**भाषामा क्षमता -** सी.एफ.आर ले भाषाको अध्ययन, अध्यापन र मुल्यांकनलाई पाँच कौशलतामा बाँडेको छ: सुन्न सक्ने, बोल्न सक्ने, लेख्न सक्ने, पढ्न सक्ने, र कुरा गर्न सक्नेl

| तालिका # १: सोहल स्व-मुल्यांकन फारममा भाषामा कौशलता | | | | |
|---|---|---|---|---|
| **सुन्न सक्ने** | **कुरा गर्न सक्ने** | **बोल्न सक्ने** | **पढ्न सक्ने** | **लेख्न सक्ने** |

**भाषाको स्तर** - सी.एफ.आर.ले भाषालाई विभिन्न तहहरुमा विभाजित गरिएको छl सोहल विध्यार्थी स्व-मुल्यांकन फारम पनि सी.एफ.आर. भाषाका सात स्तरहरुमा विभाजित गरिएको छl भाषाका स्तरहरुका लागि तल दियिएको तालिका # २ मा हेर्नुहोसl

| तालिका # २ : सोहल स्व-मुल्यांकन फारममा भाषाका स्तरहरु | | | |
|---|---|---|---|
| **पूर्व- A१** | **A१(A१.१ +A१.२)** | **A२(A२.१+A२.२))** | **B१ (B१.१+१.२))** |
| पूर्व आधारभूत | आधारभूत | उच्च आधारभूत | स्वतन्त्र |

## सम्पदायिक भाषा विध्यार्थीको स्व मुल्यांकन फारम

सोहलले सम्पदायिक भाषा सिक्ने विध्यार्थीहरुको स्व-मुल्यांकनको लागि १० वटा फारम तयार गरेको छ। ती फारमहरू निम्न प्रकारका छन्।

**कम उमेरमा (पूर्व प्राथमिक)**

- फारम#१-पूर्व A१.१ र A१.१

**प्राथमिक (कक्षा१-५)**

- फारम A१ -A१.१ र A१.२
- फारम A२-A२.१ र A२.२
- फारम B१- B१.१ र B१.२

**निम्न माध्यमिक (कक्षा ६-९)**

- फारम A१ -A१.१ र A१.२
- फारम A२-A२.१ र A२.२
- फारम B१- B१.१ र B१.२

**माध्यमिक र उच्च (कक्षा १०-१२ र वयस्क)**

- फारम A१ -A१.१ र A१.२
- फारम A२-A२.१ र A२.२
- फारम B१- B१.१ र B१.२

## विध्यार्थीहरुको लागि सहि फारमको छनौट:

यहा विध्यार्थीहरुको लागि १० वटा स्व-मुल्यांकन फारम छन्। ती मध्ये प्रत्येक विध्यार्थीको लागि कुन फारम उपयुक्त हुन्छ पहिले छनौट गर्नुपर्दछ।

विध्यार्थीहरुको कक्षाको श्रेणी र सम्पदायिक भाषामा भएको उसको सिप हेरेर फारमको छनौट गर्नु पर्दछ।

उदाहरणको लागि, कक्षा ३ को विध्यार्थीको लागि :

१: **प्राथमिक** तहको स्व-मुल्यांकन फारम छनौट गर्ने

२: यदि विध्यार्थीले भर्खर भाषा सिक्न लागेको हो भने **फारम A१.१**. बाट सुरु गर्ने

३: यदि विध्यार्थीसंग भाषाको थोरै अनुभब छ भने फारम **A१.२ वा त्यो भन्दा माथिको**बाट सुरु गर्ने.

४. विध्यार्थीले भाषा सिक्दै जाँदा त्यो भन्दा माथिको फारम भर्दै जाने

माथिको उदाहरण कक्षा ३ को विध्यार्थीको लागि हो।

- यदि विध्यार्थी पूर्व प्राथमिक कक्षामा हो भने **कम उमेरको** फारम प्रयोग गर्ने
- यदि विध्यार्थी कक्षा १ देखि ५ सम्मको हो भने प्राथमिक फारम प्रयोग गर्ने
- यदि विध्यार्थी कक्षा ६ देखि ९ सम्मको हो भने निम्न -माध्यमिक फारम प्रयोग गर्ने
- यदि विध्यार्थी कक्षा १० देखि १२ सम्मको वा वयस्क हो भने माध्यमिक र उच्च फारम प्रयोग गर्ने

कृपया याद राख्नुहोला निम्न माध्यमिक र माध्यमिक/ उच्च फारम उस्तै छन्। उमेर बढ्दै गएपछि भाषा सिकाइमा उस्तै किसिमले प्रगति हुने हुनाले यी दुइ फारम उस्तै छन्।

## स्व-मुल्यांकन फारम कसरि भर्ने?

सोहलका स्व-मुल्यांकन फारमहरु एकै किसिमले विभाजित गरिएका छन्। यसको सुरुवातमा परिचयात्मक जानकारी छ र त्यस पछाडी "म सक्छु" भन्ने कथनको सिलसिला छ।

**विध्यार्थीको परिचय:**

प्रत्येक फारमको माथिल्लो भाग निम्न जानकारीको लागि छुट्याइएको हुन्छ:

- विध्यार्थीको नाम
- यस शैछिक सत्रमा विध्यार्थीको कक्षा
- सम्पदायिक भाषा विध्यालयको नाम
- विध्यार्थीले सिकिराखेको भाषा
- विध्यार्थी जाने विध्यालयको नाम
- विध्यालय रहेको ठाउँको नाम
- शिक्षा मन्त्रालयले दिएको विध्यार्थी नम्बर

*फारमको माथिल्लो भाग यस्तो देखिन्छ:*

मेरो नाम ________________ हो । शैछिक सत्र २0__- देखि २०__ मा म कक्षा_____ मा पढ्छु।.

शिक्षा मन्त्रालयले दिएको मेरो विध्यार्थी नम्बर

म ______________________________ मा ______________ भाषा सिक्छु।

(सम्पदायिक भाषा विध्यालयको नाम)

म सस्कत्चेवनको ______________________ को __________________ ___मा पढ्छु।

(सहर) (विध्यालयको नाम)

| | |
|---|---|
| | |
| | |
| शिक्षकको सहि | मिति |

**फारमको माथिल्लो भाग भर्ने तरिका-** विध्यार्थीहरुले फारमको माथिल्लो भाग कक्षाकोठामा संगै बसेर भर्न सक्छन । यसो गर्दा विध्यार्थीहरुको सम्पूर्ण जानकारी भरिएको पक्का हुन्छ । यदि विध्यार्थीहरु कम उमेरका छन् भने उनीहरुको अभिभावकले फाराम भर्न सहयोग गर्न सक्छन ।

**शिक्षा मन्त्रालयले दिएको विध्यार्थी नम्बर-** सस्कत्चेवनमा पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्म प्रत्येक विध्यार्थीको विध्यार्थी नम्बर हुन्छ। विध्यार्थी वा अभिभावकले सो नम्बर विध्यालयको प्रधानध्यापकसंग लिएर फारममा भर्न सक्दछन।

**शिक्षकको सहि-** यो ठाउँ खाली छोड्नुहोस। सबै फारम भरिसकेपछि शिक्षकले यो ठाउँ आफै भर्नेछन।

**स्व-मुल्यांकन-** परिचयात्मक जानकारीपछि लगतै "म सक्छु" भन्ने कथनहरु छन् । यी कथनहरु सी.एफ.आर का ५ वटा कौशलताहरु सुन्न सक्ने, बोल्न सक्ने, लेख्न सक्ने, पढ्न सक्ने र कुरा गर्न सक्नेमा विभाजित गरिएको छ । विध्यार्थीहरुले यी कौशलताहरु 'धेरै सहयोग", "थोरै सहयोग", वा "बिना सहयोग" मध्ये कसरी देखाउन सक्छन भनेर सोध्नु पर्दछ।

## तालिका # ३: सोहल स्व-मुल्यांकनमा " म सक्छु" कथनहरु

| पढ्न सक्ने - A२.१ | धेरै सहयोग लिएर | थोरै सहयोग लिएर | बिना सहयोग | मिति |
|---|---|---|---|---|
| म दिईएको निर्देशन अनुसार काम गर्न सक्छु, खासगरी चित्र सहित भएको निर्देशन (जस्तै साधारण पकाउने तरिका ) | | | | |
| म पत्रिकाको (प्रकाशित वा बिधुतिय माध्यमको) मुख्य कुरा बुझ्छु, यदी बिषयबस्तु प्रचलित छन् भने। | | | | |
| म राम्रोसंग संगठित भएका छोटा कथाहरु बुज्छु र त्यसका मुख्य पात्रहरु चिन्छु। | | | | |
| म परिचित बिषयबस्तुमा लेखिएको छोटा र साधारण लेखहरु बुज्छु जसमा मैले पहिलेनै जानेका धेरै शव्दहरु हुन्छन् । | | | | |

।४

| बोल्न सक्ने – A२.२ | धेरै सहयोग लिएर | थोरै सहयोग लिएर | बिना सहयोग | मिति |
|---|---|---|---|---|
| म धेरैजसो अंकहरु (वर्ष सहित) नअक्मकाई भन्न सक्छु र साधारण गणितिय प्रक्रिया बयान गर्न सक्छु। | | | | |
| म आफूलाई मनपर्ने र मननपर्ने किताब, गीत, ठाउँ वा घटनाबारे त्यसको कारण सहित भन्न सक्छु। | | | | |
| म आफूले सुनेको छोटा कथाहरु संक्षेपमा भन्न सक्छु र कथाका घटनाहरु क्रमसंग भन्न सक्छु। | | | | |
| म परिचित ठाउँ र एतिहासिक बस्तु तथा घटनाबारे साधारण भाषामा भन्न सक्छु। | | | | |
| | | | | |

।४

प्रत्येक विध्यार्थीले आफूलाई मुल्यांकन गरेर उपुक्त बक्समा सहि ( ) चिन्न लगाउछन । शिक्षक वा विद्यार्थीले दाहिनेपट्टि बक्समा मुल्यांकन गरेको मिति लेख्छनl

तालिका#४ मा दिइएको उदाहरणमा विध्यार्थीले आफूलाई "म अरुले नमस्कार र जान्छु भनेको र आफूलाई नामले बोलाएको बुज्छु" भन्ने कुरामा मुल्यांकन गर्दै छन्l

पहिलो मुल्यांकन नोभेम्बर ४, २०१४ मा गरियोl नोभेम्बर ४ मा विध्यार्थीले" थोरै सहयोग लिएर" यो काम गर्न सकेका थिएl

दोस्रो मुल्यांकन मे १०, २०१५ मा गरियो । मे १० मा विध्यार्थीले यो काम "बिना सहयोग" गर्न सके ।

**तालिका #४: पुरा भरिएको सोहल स्व-मुल्यांकन फारमको नमुना**

**प्राथमिक A१.१ (मुल्यांकन गरिएको दुई मिति - नोबेम्बर/मे)**

| **सुन्न सक्ने – A१.१** | **धेरै सहयोग लिएर** | **थोरै सहयोग लिएर** | **बिना सहयोग** | **मिति** |
|---|---|---|---|---|
| म अरुले नमस्कार र जान्छु भनेको र आफूलाई नामले बोलाएको बुज्छु | | ✓ | | नोबेम्बर ४, २०१० |
| | | | ✓ | मे १०, २०१५ |
| म आफू वरिपरि भएको व्यक्ति र बस्तुलाई बोलाउन प्रयोग हुने शब्दहरु चिन्छु र बुज्छु (जस्तै: शिक्षक, किताब, कुर्चीं ) | | | | |
| | | | | |
| म आफूसंग सम्बन्धित साधारण प्रश्नहरु बुज्छु, जस्तै ("तिमी कति बर्षको भयौ?") | | | | |
| | | | | |
| म साधारण निर्देशनहरु बुज्छु जस्तै "किताब बन्द गर," "कोट लगाऊ." | | | | |
| | | | | |
| म रंगहरु देखाएर भन्न सक्छुl | | | | |
| | | | | |

## कति समयमा गर्ने?

विध्यार्थीहरुले आफूले भाषा सिक्नमा गरेको प्रगतिबारे सो- मुल्यांकन फारमको सहयोगले **कम्तिमा पनि शैछिक सत्रमा एकपटक र बर्षको अन्तिममा एकपटक** मूल्यांकन गर्न सुझाब गरिन्छ।

**कम उमेरका विध्यार्थीहरुसंग काम गर्दा-** शिक्षकले यो फारम भर्दा प्रत्येक विध्यार्थीहरुसंग छुट्टा-छुट्टै काम गर्न सक्छन। प्रत्येक कक्षामा "म सक्छु" भन्ने एउटा वा दुइवटा कथनमा ध्यान केन्द्रीत गर्नु पर्दछ। उदाहरणको लागि विध्यार्थीलाइ चित्रमा भएको बस्तुको नाम भन्न, गीत गाउन, वा आफ्नो नाम लेख्न लगाउन सकिन्छ। त्यसपछि विध्यार्थीहरुले फारममा भएको सहि बक्समा चिन्न लगाउन सक्छन।

**बढी उमेरका विध्यार्थीहरुसंग काम गर्दा** विध्यार्थीहरुले आफू एक्लै, सानो समूह बनाएर वा पुरै कक्षा संगै मिलेर काम गर्न सक्छन। फारम भर्ने केहि उपायहरु तल दिइएका छन् ।

- **पुरै कक्षा-** विध्यार्थीहरुलाइ" म सक्छु" भन्ने कथनहरु पद्न लगाउने। विध्यार्थीहरुलाइ फारममा भएको उपयुक्त बक्समा चिन्न लगाउन भन्ने। विध्यार्थीहरुलाइ दियिएको उदाहरणबारे सोच्न केहि समय लग्न सक्छ। शिक्षकले कक्षामा भएका क्रियाकलाप, वा गृहकार्यको बारेमा सम्झाएर सहयोग गर्न सक्छन।
- **सानो समूह-** विध्यार्थीहरुले "म सक्छु" भन्ने कथनहरु चर्को आवाजमा एक-अर्कालाई सुनाउन सक्छन जसले गर्दा उनीहरुले त्यस बारेमा पढेको सम्झना हुन्छ। उनीहरुले "म सक्छु" भन्ने कथन प्रयोग गरेर आफ्नो भाषा सिप देखाउन सक्छन।
- **एक्लै-** विध्यार्थीहरुले यो फारम कक्षा कोठामा वा घरमा लगेर एक्लै भर्न सक्छन।

शिक्षक वा अभिभावकले विध्यार्थीहरुलाइ आफूले सिकेको सिप "म सक्छु" भन्ने कथनमा भन्न लगाउन सक्छन। विध्यार्थीहरुले आफूले भरेको फारम शिक्षकलाइ देखाउछन। यदी विध्यार्थीले भरेको फारममा शिक्षकलाइ कुनै सिपमा असंतुष्टि भए उनले विद्यार्थीलाई कारणसहित भन्न लगाउन र भाषाको दक्षता देखाउन भन्न सक्छन।

**शिक्षकको सहि र मिति-** फारमको माथिल्लो दाहिने कुनामा दुइवटा बक्स छन्। शिक्षक र विध्यार्थी दुबैले फारम मुल्यांकन गरिसकेपछि शिक्षकले आफ्नो सहि र मिति लेख्छन। यसले शिक्षकले फारम हेरिसके र विध्यार्थीले गरेको भाषा सिपको मुल्यांकनमा सहमत छन् भन्ने बुझिन्छ।

| | |
|---|---|
| | |
| | |
| शिक्षकको सहि | मिति |

तल भएको तालिका # ५ मा विध्यार्थीले आफ्नो पहिलो सो-मुल्यांकन नोबेम्बेर २०,२०१४ मा गरेका छन्, त्यसैले शिक्षकले आफ्नो सहि र यो मिति माथिको बक्समा लेखेका छन्।

विध्यार्थीले आफ्नो दोस्रो सो-मुल्यांकन मे १०, २०१५ मा गरेका छन्, त्यसैले शिक्षकले आफ्नो सहि र यो मिति तलको बक्समा लेखेका छन्।

यदी विध्यार्थीलाइ कुनै सिप विशेषमा कति सहयोग चाहिन्छ भन्ने कुरामा रहेको मतान्तरलाई छलफल गरेर निष्कर्समा आएपछि मात्र शिक्षकले फारममा सहि गरेर मिति राख्नु पर्दछ।

**तालिका #५: शिक्षकको सहि र मिति**

| | |
|---|---|
| जे .एम | नोवेम्बर २०, २०१४ |
| जे .एम | मे १० ,२०१५ |
| शिक्षकको सहि | मिति |

## विध्यार्थीको भाषाको स्तर छुट्याउने

स्व-मुल्यांकन गर्दा भाषाका ५ वटा सिप (सुन्न सक्ने, बोल्न सक्ने, कुरा गर्नसक्ने, पढ्न सक्ने, र लेख्न सक्ने) लाइ छुट्टाछुट्टै मुल्यांकन गर्नु पर्दछ। यी सिपहरुमा विध्यार्थीको फरक फरक दक्षता हुनु स्वाभाविक नै हो। उदाहरणको लागि कुनै विध्यार्थीको सुन्न र कुरा गर्न राम्रो सिप हुन सक्छ भने अरु सिपमा सहयोग चाहिन सक्छ ।

वर्षको अन्त्यमा, प्रत्येक विद्यार्थीको एउटा भाषा स्तर निर्धारण गरिनेछ । विद्यार्थीको भाषा स्तर भन्नाले त्यस्तो स्तर हो जसमा उनले आधाभन्दा बढी "म सक्छु" कथनहरु बिना सहयोग गर्न सक्छ ।

उदाहरण #१: उदाहरण #१ मा विध्यार्थीले **A१.२** मा हुंदा १८ मध्ये १० वटा "म सक्छु" कथनहरु तहमा बिना सहयोग गर्न सक्छन। यस तहमा आधा भन्दा धेरै जानेकोले विध्यार्थीको तह A१.२ हुन्छ ।

| **A१.२सुन्न सक्ने** ३/४ | **A१.२कुरा गर्नसक्ने** ३/४ | **A१.२बोल्न सक्ने** २/४ | **A१.२पढ्न सक्ने** १/३ | **A१.२लेख्न सक्ने** १/३ | **समग्र तह: A१.२** १०/१८ |
|---|---|---|---|---|---|

उदाहरण #२: उदाहरण #२ मा विध्यार्थीले **B** १.१ तहको १९ मध्ये ८ वटा मात्र "म सक्छु" कथनहरु गर्न सके । यो यस तहको आधा भन्दा कम हुन्छ जसले गर्दा विध्यार्थीले B१.१ तह हासिल गर्न सकेन । विध्यार्थी त्यो भन्दा तलको तह A२.२ मा हुन्छ।

| **B१.१सुन्न सक्ने** ३/४ | **B१.१कुरा गर्नसक्ने** २/४ | **B१.१बोल्न सक्ने** १/४ | **B१.१पढ्न सक्ने** १/३ | **B१.१लेख्न सक्ने** १/४ | **समग्र तह: B१.१** ८/१९ |
|---|---|---|---|---|---|

## विद्यार्थीको भाषाको विकासमा स्व-मुल्यांकन फारमको प्रयोग

स्व-मुल्यांकन फारम विध्यार्थीको भाषाको बिकासमा प्रयोग गर्न सकिन्छ। शिक्षकले विध्यार्थीको आवश्यकता अनुसार आफ्नो सिकाउने तरिकालाई समायोजित गर्न सक्छन। यदी कुनै विध्यार्थीले "बिना सहयोग" कुनै भाषाको सिप देखाउन सक्छ, भने उसले निश्चित रुपमा भाषा सिकेको छ।

उदाहरणको लागि, यदी विध्यार्थीले साधारण वाक्य प्रयोग गरेर आफ्नो वरीपरीको वातावरण, दैनिक क्रियाकलाप, परिवार र साथीको बयान बिना सहयोग गर्न सक्छ भने उसले भाषामा दक्षता हासिल गरिसकेको छ। तर यदी विध्यार्थीलाइ "धेरै" वा "थोरै" सहयोग चाहिन्छ भने उसलाई भाषामा दक्षता हासिल गर्न अझै अभ्यास गर्नु पर्ने हुन्छ। कुनै विध्यार्थी वा पुरै कक्षालाइ भाषाको विकासका लागि कस्तो अभ्यास चाहिन्छ तेही अनुसार पाठ योजना बनाउन सकिन्छ ।

## अभिभावकको सङ्लग्नता

अभिभावक र परिवारजन आफ्नो बच्चाले सम्पदायिक भाषा विध्यालयमा गरेको प्रगति हेर्न सधै उत्सुक हुन्छन। विध्यार्थीले बर्षमा दुइपटक स्व-मुल्यांकन फारम भर्नु पर्दछ: एउटा बर्षको बिचमा (अर्ध-बार्षिक) र अर्को बर्षको अन्त्यमा ।

- **अर्ध बार्षिक मुल्यांकन-** अभिभावक र शिक्षकको भेलामा विध्यार्थीको मुल्यांकन फारम देखाउनु सबैभन्दा उत्तम हुन्छ। यदी त्यो सम्भब नभए, विध्यार्थीले घरमा लगेर आफ्नो अभिभावकलाइ देखाउन सक्छन। अभिभावकलाइ देखाईसकेपछि विध्यार्थीले त्यो फारम सम्पदायिक भाषा विध्यालयमा बुझाउनु पर्छ।

- **बार्षिक मुल्यांकन-** बर्षको अन्त्यमा फेरी पनि अभिभावक र शिक्षक संगै बसेर फारमबारे छलफल गर्न उपयुक्त हुन्छ। त्यसपछि विध्यार्थीले त्यो फारम घरमा लगी राख्न सक्छन।

वर्षभरि विध्यार्थीले स्व-मुल्यांकन फारम आफ्नो कागज राख्ने झोलामा राख्न सक्छन। त्यो झोलामा गृहकार्यका नमुना, सम्पदायिक भाषासम्बन्धी कार्यहरु र स्व-मुल्यांकन फारमहरु रहन्छन् ।

## स्रोतहरु

- "*द कमन यूरोपियन फ्रेमवोर्क अफ रेफरेन्स फर ल्यांगवेज* (CEFR )"नै विध्यार्थीको स्व-मुल्यांकन फारम र शिक्षक निर्देशिकाको मुख्य आधार हो।

  "*कमन यूरोपियन फ्रेमवोर्क अफ रेफरेन्स फर ल्यांगवेज*" को बारेमा पुरा पढ्नको लागि www.coe.int/lang-CEFR मा जानुहोस।

- *कमन यूरोपियन फ्रेमवोर्कमा* शिक्षक निर्देशिका पढ्नको लागि :www.tuttolingue.net/pdf/CFRguide.pdf मा जानुहोस

- स्व-मुल्यांकन फारमको "म सक्छु" भन्ने कथनहरु सस्कत्चेवन शिक्षा मन्त्रालयको "*गाइड टु यूजिंग द कमन फ्रेमवोर्क अफ रेफरेन्स (सी.एफ.आर) विद लर्नर्स अफ इंग्लिश एज एन एडिसनल ल्यांगवेज*" www.education.gov.sk.ca/guide-to-using-cfr-with-eal बाट साभार गरिएको हो.

- कम उमेरका विध्यार्थीको स्व-मुल्यांकन फारममा "म सक्छु " भन्ने कथनहरु *सस्कत्चेवन किण्डरकार्टेन करीकलम गाइड* www.curriculum.gov.sk.ca.बाट साभार गरिएको हो।

# परिशिष्ट

## पृष्ठभूमि: कमन फ्रेमवोर्क अफ रेफरेन्स फर ल्यांगवेज

तल दियिएको जानकारी सस्कत्चेवन शिक्षा मन्त्रालयको "*ए गाइड टु यूजिंग द कमन फ्रेमवोर्क अफ रेफरेन्स (सि एफ आर) विद लर्नर्स अफ इंग्लिश एज एन एडिसनल ल्यांगवेज (इ ए एल)। सेपटेम्बर २०१३* " बाट संक्षेपमा लियिएको हो।

## सी एफ आर बारे संक्षेपमा जानकारी

कुनै पनि तहको भाषाको निपुणताको ब्याख्या अस्पष्ट र व्यक्तिपरक हुन सक्छ। उदाहरणको लागि, एउटा परीक्षकले कुनै विध्यार्थीलाइ "उच्च श्रेणीको सिकारु" भनेर भन्न सक्छन भने अर्को परीक्षकले "मध्यम सिकारु" भन्न सक्छन। यस्तो मतभेदलाइ हटाउनका लागि, अन्तराष्ट्रिय मापन " *कमन फ्रेमवर्क अफ रेफरेन्स"* ले पठन, पाठन र जाचमा समान मापन निर्धारण गर्छ।

| **सी एफ आर के हो.........** | **सी एफ आर के हैन .........** |
|---|---|
| • भाषाको संकेत साधन<br>• शिक्षक, विध्यार्थी र अभिभावकको लागि उपयोगी<br>• भाषामा लागातर भैरहेको सुधारको प्रदर्शक<br>• सकारात्मक र व्यस्त बनाइराख्ने<br>• सबै तह र बिषयमा लागु हुने<br>• सबैलाई सङ्लग्न गराउने र ब्यबहारिक | • इ.ए.एल को पठ्यक्रम<br>• ठोस जाचक<br>• बिषय विशेष<br>• तह/उमेर विशेष<br>• इ.ए.एल विशेषज्ञले मात्र प्रयोग हुने<br>• नया कार्यक्रम<br>• यूरोपियन संस्कृतिको पक्षपाती |

## पृष्ठभूमि

भाषाको पठन, पाठन र जाच मा गरिएको तीन दशक लामो अनुसन्धान पछि सन् २००१ मा यो सी एफ आर को पृष्ठभूमि "कमन यूरोपियन फ्रेमवोर्क अफ रेफरेन्स फर ल्यांगवेज (सी इ एफ आर)" औपचारिक रुपमा प्रकाशित गरिएको हो।

यूरोपेली परिषद्वारा चुनिएका भाषाविद, अनुशन्धानकर्ता विशेषज्ञ र शिक्षकहरुको सहकार्यको नतीजाले यसलाई बिकाश र परिस्कृत गरिएको हो। सी ई एफ आर को अर्थ "अन्तरास्ट्रिय मुद्राको" जस्तो छ, जसको मान्यता र विश्वसनीयता संसारभर छ। हाल यो संसारका ४०भन्दा बढी देशमा प्रयोगमा छन्।

जनवरी २०१० मा, *काउन्सिल अफ मिनिष्टर्स अफ एजुकेसन इन क्यानाडा* (सि एम ई सी) ले सी ई एफ आर लाइ क्यानाडामा भाषाहरुको लागि संदर्भ साधनको रुपमा प्रयोग गर्न सिफारिश गरेको हो। सी ई एफ आर को अन्तरास्ट्रिय मापनले भाषाको क्षमतालाइ तिनवटा विस्तृत भागमा र छवटा स्तरमा विभाजित

गरेको छः **आधारभूत (A१, A२), स्वतन्त्र (B१, B२), र प्रवीण (C१, C२)**। प्रत्येक स्तरमा भाषामा भएको प्रगतिलाई ५ कुशलतामा विभाजित गरिएको छः **सुन्ने, बोलेर अन्तरक्रिया, बोलेर प्रस्तुति, पढ्ने र लेख्ने**।

*सस्कत्चेवनमा प्रयोग गरिएको कमन फ्रेमवर्क अफ रेफरेन्स* (सी एफ आर) भनेर छोटकरीको नाम लरेन्स वनद्ग्रिफतको अनुसंधान शीर्षक "*प्रपजल फर अ कमन फ्रेमवर्क फर ल्यांगवेज फर क्यानाडा (२००६)* "बाट लिियिएको हो।

## सी.इ.एफ.आर अन्तरास्ट्रिय मापन

| | | |
|---|---|---|
| **प्रवीण प्रयोगकर्ता** | **C२** | सुनेको र पढेको सबै कुरा सजिलै बुज्न सक्छ। कार्यक्रममा प्रस्तुत विभिन्न मौखिक अथवा लिखित श्रोतहरुबाट आएको जानकारी र छलफललाइ सामन्जस्यपूर्ण तरिकाले पुनर्संरचना गरी संक्षेपीकरण गर्न सक्छ। जस्तो जटिल परिस्थितिमा पनि आफूलाई प्रस्टसंग धाराप्रवाह र सहज रुपमा ठीक ढंगले प्रस्तुत गर्न सक्छ। |
| | **C१** | लामा, कठिन र अन्तरनिहित अर्थ भएका बाक्यहरु विस्तृत रुपमा बुज्न सक्छ। आफूलाई सजिलै र स्वतःस्फूर्त रुपमा बिना कठिनाई प्रस्तुत गर्न सक्छ। सामाजिक, बौद्दिक र व्यावसायिक प्रयोजनका लागि लचकताकासाथ प्रभावकारी रुपमा भाषा प्रयोग गर्न सक्छ। जटिल बिषयमा प्रस्ट, शुद्ध, र संगठित वाक्यमा विभिन्न योजकहरुको प्रयोग गरेर लेख लेख्न सक्छ। |
| **स्वतन्त्र प्रयोगकर्ता** | **B२** | मुर्त तथा अमुर्त बिषयमा लेखिएको जटिल लेख तथा आफ्नो विशेषज्ञतासंग सम्बन्धित प्राबिधिक छलफलको मुख्य भाब बुज्न सक्छ। सजिलै र स्वतःस्फूर्त रुपमा मूल भाषीहरुसंग साधारण सम्बाद गर्न सक्छ दुवै पक्षलाइ कुनै गाह्रो नहुने गरि। विभिन्न बिषयमा शुद्ध विस्तृत रूपमा लेख्न सक्छ र तर्क बितर्क गरि विभिन्न विकल्पहरुमा फाइदा बेफाइदाको बारेमा व्याख्या गर्न सक्छ। |
| | **B१** | दैनिक कार्यमा, विध्यालयमा र फुर्सतमा नियमित आइपर्ने परिचित बिषयहरुको मुख्य कुराहरु बुज्छ। त्यो भाषा बोलिने ठाउमा यात्रा गर्दा धेरैजसो परिस्थितिमा सजिलै लेन-देन गर्न सक्छ। आफूसंग परिचित र रुचि भएको कुरामा छोटा र जोडिएका वाक्यहरु सहित लेख बनाउन सक्छ। आफ्नो अनुभब, घटना, सपना , आशा र उदेश्यहरु वर्णन गर्न र विचार तथा योजनाहरुबारे कारणसहित व्याख्या गर्न सक्छ । |
| **आधारभूत प्रयोगकर्ता** | **A२** | आफ्नो नजिकको कुराहरु ( जस्तै आफ्नो व्यक्तिगत र पारिवारिक जानकारी, पसलहरु, स्थानीय भूगोल , रोजगारी) को बारेमा प्रस्तुत वाक्य र प्राय प्रयोग गरिने अभिव्यक्तिहरु बुझ्न सक्छ। परिचित र दैनिक कार्यहरुमा आवश्यक साधारण सम्बाद र सुचनाको आदान प्रदान गर्न सक्छ। आफ्नो पृष्ठभूमि, नजिकको वातावरण र तत्काल आवश्यक कुराहरुबारे साधारण तरिकाले बयान गर्न सक्छ। |

| | | |
|---|---|---|
| | A१ | दैनिक प्रयोग हुने परिचित अभिव्यक्ति र निश्चित उद्देश्यपूर्तिका लागि लक्षित साधारण वाक्यांश बुझ्न र प्रयोग गर्न सक्छ । आफ्नो र अरुको परिचय दिन सक्छ र कहाँ बस्छ? , कसलाई चिन्छ, आफूसंग के छ? जस्ता साधारण व्यक्तिगत प्रश्नहरु गर्न अथवा उत्तर दिन सक्छ। यदी अर्को व्यक्ति बिस्तारै स्पष्टसंग बोल्छ र सहयोग गर्न तयार हुन्छ भने उसंग साधारण अन्तरक्रिया गर्न सक्छ। |

*कमन यूरोपियन फ्रेमवोर्क अफ रेफरेन्स फर ल्यांगवेज पठन पाठन मुल्यांकन(पृष्ट ५ )*

**© काउन्सिल अफ युरोप**